nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

30°C । वर्ष :११, अंक : ३८ पृष्ठ ४ । बिहीबार,०९ असोज २०८२ । THURSDAY, SEPTEMBER 25, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैया

## पकहाँमैनपुरमा तलब नपाउँदा कर्मचारी परे संकटमा

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०८ असोज ।***

पकहाँ मैनपुर गाउँपालिकामा करार र ज्यालादारीमा कार्यरत ६५ भन्दा बढी कर्मचारीले विगत ६ महिनादेखि तलब पाउन सकेका छैनन् । अहिले दशैंमा पनि उनीहरू तलब भत्ता पाउनबाट बञ्चित भएका छन् । गाउँपालिका अध्यक्ष सुरेश मेहताको हठका कारण गत असारमै हुनुपर्ने गाउँ परिषद् अहिलेसम्म पनि हुन नसक्दा आफूहरूले गत चैतदेखि तलब भत्ता पाउन नसकेको कर्मचारीहरूको गुनासो छ । पकहाँमैनपुर गाउँपालिकामा आर्थिक वर्ष २०८२/८३ का लागि संघ सरकारले विकास खर्चतर्फ ८ करोड ६५ लाख रुपैयाँ छुट्याए पनि अध्यक्ष मेहताले एकलौटी ढंगले १६ करोडको बजेट सूत्रमा राख्नुपर्ने अडान लिँदै आएकाले परिषदमा ढिलाइ भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले बताए ।



उनका अनुसार पालिकामा आएको बजेटभन्दा दोब्बरको योजना बनाउँदा कामको भुक्तानी असम्भव हुने स्पष्ट हुँदा हुँदै पनि अध्यक्ष मेहताले बारम्बार बैठक छाड्ने र सहमति नखोज्ने प्रवृत्तिले समस्या गहिरिएको हो । 'गाउँ परिषद् सम्पन्न गरी आफूलाई अख्तियारी दिए दुई दिनमै तलब दिन सक्छु,' अधिकृत साहले भने । करार र ज्यालादारीका कर्मचारीले विगत ६ महिनादेखि तलब नपाउँदा चाडबाडमै आर्थिक संकट झेल्न बाध्य भएको प्रमुख प्रशासकीय अधिकृत साहको गुनासो छ । वडा नम्बर १ का वडाध्यक्ष विनोद मेहताले पालिका अध्यक्ष मेहताको व्यक्तिगत स्वार्थ र हठकै कारण गाउँपालिकालाई अनिर्णयको बन्दी बनाएर सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीलाई दुःख दिएको आरोप लगाए । उनका अनुसार संघ सरकारले छुट्याएको ८ करोड ६५ लाख मध्ये ५ वटा वडाका लागि ८०-८० लाख गरी ४ करोड, गाउँपालिका उपाध्यक्षलाई १ करोड २० लाख र गाउँपालिका अध्यक्षलाई ३ करोड ४५ लाख बराबरको योजना दिने सहमति भएको थियो । तर, गाउँपालिका अध्यक्ष मेहताले त्यसलाई नमान्दै १६ करोडको योजना शीर्षकमा राख्नुपर्ने दबाब दिँदा गाउँ परिषद् हुन नसकेको वडाध्यक्ष मेहताले बताए ।'जनताको भोटबाट हामी पनि जितेका हौं, विकास गर्ने बजेट हामीलाई चाहिएन र ?' वडाध्यक्ष विनोद मेहताले भने । यसैबीच गाउँ परिषद् लामो समयदेखि नबोलाइएपछि

बाँकी तेश्रो पृष्ठमा⇨

## सुन्धाराबाट फरार कैदी पर्साबाट पक्राउ



**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०८ असोज ।***

जेनजी आन्दोलनका क्रममा सुन्धारास्थित केन्द्रीय कारागारबाट फरार भएका एक कैदीलाई प्रहरीले पर्साबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा कालिकामाई गाउँपालिका-५ का ४० वर्षीय मुक्तिनारायण कुर्मी रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका डीएसपी हरि बस्नेतका अनुसार मंगलबार आफ्नै गाउँमा लुकेर बसिरहेको अवस्थामा उनलाई पक्राउ गरिएको हो । पत्नी संगीता देवी कुर्मीको हत्या अभियोगमा पर्सा जिल्ला अदालतले उनलाई २५ वर्ष कैद सजाय तोकेको थियो । भदौ २४ गतेको प्रदर्शनको मौका छोपी उनी कारागारबाट भागेका थिए । पक्राउ परेका कुर्मीलाई पुनः थुनामा राख्न सुन्धारा कारागार पठाइने प्रहरीले जनाएको छ ।

## पर्साका ६ र बाराका २ स्थानीय तहले अझै चलाएनन् खाता

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०८ असोज ।***

आर्थिक वर्ष २०८२/०८३ सुरु भएको दुई महिना बितिसक्दा पनि पर्सा र बाराका केही स्थानीय तहहरूले खाता सञ्चालन गर्न सकेका छैनन् । पर्साका १४ मध्ये ८ पालिकाले मात्र खाता सञ्चालन गरेर बजेट निकासा लिएका छन् भने बाराका १६ मध्ये १४ पालिकाले खाता सञ्चालन गरेका छन् ।कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख मनोजकुमार जोशीका अनुसार मङ्गलवारसम्म बीरगन्ज महानगरपालिका, पोखरिया नगरपालिका, पर्सागढी नगरपालिका, ठोरी गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका, जगरनाथपुर गाउँपालिका, छिपहरमाई गाउँपालिका र कालिकामाई गाउँपालिकाले मात्र खाता सञ्चालन गरी बजेट निकासा लिएका छन् । बाँकी ६ पालिका–बहुदरमाई नगरपालिका, विन्दवासिनी गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका, पकहाँ मैनपुर गाउँपालिका, धोबिनी गाउँपालिका




र जिराभवानी गाउँपालिकाले खाता सञ्चालनका लागि आवश्यक फाइलसमेत पेस गरेका छैनन् ।

बाँकी ६ पालिका–बहुदरमाई नगरपालिका, विन्दवासिनी, सखुवा प्रसौनी, पकहाँ मैनपुर, धोबिनी र जिराभवानी गाउँपालिकाले भने आवश्यक प्रक्रिया नै सुरु गरेका छैनन् । यीमध्ये धोबिनी, पकहाँ मैनपुर र विन्दवासिनीमा गाउँसभा नहुनु मुख्य कारण बनेको छ ।बारा जिल्लामा भने १६ मध्ये १४ पालिकाले खाता सञ्चालन गरिसकेका छन् । तर निजगढ नगरपालिका र बारागढी गाउँपालिकाले अझै प्रक्रिया पूरा गर्न सकेका छैनन् । जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनी हुँदा यी पालिकामा ढिलाइ भएको हो ।

दसैं नजिकिँदै गर्दा खाता सञ्चालनमा ढिलाइ भएकाले कर्मचारीको तलब तथा भत्ता वितरणमा समस्या हुने र विकास निर्माण कार्य रोकिने जोखिम बढेको सरोकारवालाहरूको भनाइ छ ।

## बीरगन्ज नाकाबाट दुई महिनामै सात अर्बभन्दा बढीका सवारीसाधन आयात

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०८ असोज ।***

चालु आर्थिक वर्षको पहिलो दुई महिनामा बीरगन्ज नाकाबाट रु सात अर्ब १६ लाख मूल्यबराबरका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका छन् । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस वर्ष रु एक अर्ब ७५ करोड बढी मूल्यका सवारीसाधन र पार्टपुर्जा आयात भएको बीरगन्ज भन्सार कार्यालयले जनाएको छ । कार्यालयका अनुसार गत वर्षको पहिलो दुई महिनामा रु पाँच अर्ब २५ करोड बराबरका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका थिए ।कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवमा बीरगन्ज नाकाबाट सवारीसाधनको आयात उत्साहजनक रुपमा बढेको बताए । गत आवको पहिलो दुई महिनामा सवारीसाधन आयातबाट रु चार अर्ब ४७ करोड ७६ लाख राजस्व



संकलन भएको थियो । चालु आवको सोही अवधिमा भने सवारीसाधन आयातमार्फत रु छ अर्ब १३ करोड ९२ लाख राजस्व संकलन भएको छ । भन्सार कार्यालयका तथ्याङ्कअनुसार चालु आवको पहिलो दुई महिनामा रु ४३ करोड ५२ लाख मूल्यका १ सय ७८ वटा जीप, कार र भ्यान आयात भए । गत वर्ष सोही अवधिमा रु ५१ करोड ६२ लाख मूल्यका २ सय ९५ वटा जीप, कार र भ्यान आयात भएका थिए ।रु दुई अर्ब ७९ करोड मूल्यका २० हजार ६२० वटा अनअसेम्बल्ड मोटरसाइकल आयात भए । गत वर्ष सोही अवधिमा रु एक अर्ब ८५ करोड मूल्यका १४ हजार ७६६ वटा मोटरसाइकल आयात भएका थिए । रु ६६ करोड ४३ लाख मूल्यका ३ सय १८ वटा अन्य बस तथा ट्रकका चेसिस आयात भएका छन् । सवारीसाधन र पार्टपुर्जाको आयातमा यो वर्ष प्रारम्भिक दुई

बाँकी तेश्रो पृष्ठमा⇨

## लोसपा अध्यक्ष ठाकुर नेतृत्व हस्तान्तरणमा तयार

***बीरगन्ज,०८ असोज ।***

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले पार्टी नेतृत्व परिवर्तनको बाटो खुलेको संकेत गरेका छन् । मंगलबार बसेको पदाधिकारी बैठकमा ठाकुरले पार्टीको नेतृत्वमा नयाँ पुस्ता आउन चाहे आफू पद छाड्न तयार रहेको प्रस्ताव गरेका हुन् । बैठकमा यो एजेन्डा नहुँदाहुँदै पनि अध्यक्षले स्वेच्छाले नेतृत्व हस्तान्तरणबारे कुरा उठाएको सहभागी नेताहरूले बताएका छन् । जेनजी आन्दोलनपछि विभिन्न दलमा नेतृत्व पुस्तान्तरको बहस चलिरहेका बेला ठाकुर यस विषयलाई औपचारिक छलफलमै उठाउने पहिलो अध्यक्ष बनेका छन् । उनका अनुसार नेतृत्व लिन कोही तयार भए आगामी

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्जमा दशैं-तिहार नजिकिँदै गर्दा फुटपाथ जेरी पसलमा संयुक्त अनुगमन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०८ असोज ।***

दशैं र तिहारको चाडपर्व नजिकिँदै गर्दा उपभोक्ताको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै बीरगन्ज महानगर क्षेत्रभित्र सडकछेउमा अनधिकृत रूपमा सञ्चालित मिठाई तथा जेरीका पसलहरूमा कडाइ गरिएको छ । दशैं र तिहारको मेला-पर्वमा बढ्ने भीडलाई लक्षित गरी फुटपाथ तथा मेनरोड आसपास सञ्चालनमा रहेका खाद्यान्नका अवैध पसलहरूमा जिल्ला प्रशासन कार्यालय पर्सा,बीरगन्ज महानगरपालिका, उपभोक्ता हित संरक्षण मञ्च पर्सा तथा बीरगन्ज उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको सहभागितामा संयुक्त अनुगमन गरिएको हो । अनुगमनमा



जिल्ला प्रशासन कार्यालयका तर्फबाट प्रतिनिधि सोनु साह कानु, उपभोक्ता हित संरक्षण मञ्च पर्साका उपाध्यक्ष अजित भुजेल, महानगरपालिकाबाट विभा मिश्र, तथा उद्योग वाणिज्य संघका प्रतिनिधि मनोज कुमार दास सहभागी थिए । जिल्ला प्रशासन कार्यालयका अनुसार स्वास्थ्य मापदण्डविपरीत सडक किनारमा मिठाई, जेरी, पकौडीजस्ता खाद्यवस्तुहरू बनाइने, खुला स्थानमा बिक्री गरिने, सरसफाइको ख्याल नगरी खाद्यवस्तु उपभोगमा ल्याइने कार्यले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पर्ने खतरा देखिएको छ ।

**चाडपर्व प्रति सम्मान गरौं ।**

❖चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
❖मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
❖सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
❖असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
❖एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
❖अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
❖धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### अख्तियारको प्रतिवेदनले उब्जाएको प्रश्न

अख्तियार अनुसन्धान आयोगले भर्खरै आफ्नो वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ । सो प्रतिवेदनले अहिले भइरहेका अनियमितता र भ्रष्टाचारको प्रवृत्ति देखाएको छ । एक वर्षमा आयोगमा झन्डै ३७ हजार उजुरी दर्ता भए । तीमध्ये एक तिहाइ अनलाइनमार्फत र अन्य लिखित निवेदन, इमेल, हुलाक सेवा, टेलिफोन, सामाजिक सञ्जाललगायतका माध्यमहरूबाट आएका थिए । उजुरीमध्ये धेरै स्थानीय तहका निकाय वा पदाधिकारीसँग सम्बद्ध छन् । बागमती प्रदेशमा मात्र संघीय निकाय वा पदाधिकारी जोडिएका अनियमितताका उजुरी परेको आयोगको प्रतिवेदनले देखाउँछ । समग्रमा धेरै उजुरी पर्ने प्रदेशमा पनि बागमती पर्छ । कर्णाली र सुदूरपश्चिममा प्रदेश सरकारका निकाय र पदाधिकारीविरुद्ध धेरै उजुरी परेको छ भने गण्डकीमा सबैभन्दा कम अर्थात् ७ प्रतिशत मात्र उजुरी परेका छन् । अख्तियारमा परेकामध्ये भ्रष्टाचार र अनियमितताका सबैभन्दा धेरै अर्थात् ५४ प्रतिशत उजुरी स्थानीय तहसम्बद्ध छन् । संघीय सरकारका कर्मचारी र निकायविरुद्ध ३४ प्रतिशत र प्रदेश सरकारसम्बद्ध १२ प्रतिशत उजुरी परेको प्रतिवेदनले देखाउँछ । यसले स्थानीय सरकारको सुशासनमाथि प्रश्न उठाएको छ । पारदर्शिताको खाँचो औंल्याएको छ । संघ सरकारसम्बद्ध उजुरीमध्ये भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै छन् । प्रदेशहरूमध्ये सबैभन्दा धेरै मधेससम्बद्ध र कम गण्डकीबाट उजुरी परेको देखिन्छ । ६ प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी धेरै छन् भने मधेसमा भौतिक पूर्वाधार तथा यातायात क्षेत्रसँग सम्बन्धित उजुरी बढी छन् ।

एक वर्षको अवधिमा आयोगले विभिन्न भ्रष्टाचारजन्य कसुरमा १ सय ३५ वटा र सम्पत्ति शुद्धीकरण कसुरमा दुईवटा मुद्दा विशेष अदालतमा दायर गरेको छ । त्यसले उजुरी धेरै पनि पनि अनुसन्धानको गति भने निकै सुस्त देखिएको छ । दायर भएका मुद्दामा धेरै घुस रिसवतसँग सम्बन्धित छन् भने त्यसपछि क्रमशः गैरकानुनी लाभ हानि, नक्कली शैक्षिक प्रमाणपत्र, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी, गैरकानुनी सम्पत्ति आर्जनलगायतका मुद्दा छन् । अख्तियारले भ्रष्टाचार ठहर गरेका प्रतिवादीमध्ये सबैभन्दा धेरै कर्मचारी छन् भने त्यसपछि जनप्रतिनिधिहरू, राजनीतिक नियुक्ति प्राप्त व्यक्ति, विभिन्न उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीलगायत देखिन्छन् । आयोगको प्रतिवेदनमा भ्रष्टाचारका जेजस्ता प्रवृत्ति, क्षेत्र र निकाय औंल्याएको छ, ती क्षेत्रमा कडाइका गरेको छ

# युवा उभारको रापमा जेन-जी आन्दोलन

**सचिन घिमिरे**



'कुनै पनि समाजमा युवापुस्ताको अत्यधिक बढी जगेर्ना हुने र युवाहरूले अर्थपूर्ण भूमिका नपाउने अवस्थामा त्यो समाज हिंसा, प्रतिरोध र युद्धका लागि मलिलो भूमिमा परिणत हुन पुग्छ ।' युवा उभार सिद्धान्तका प्रवर्तक जर्मन समाजशास्त्री गुन्नार हायनसनको यो भनाइ पाकिस्तान, बंगलादेश, इराकजस्ता एसियाली देशलगायत नेपालका सवालमा पनि दिन प्रतिदिन सान्दर्भिक हुँदै गएको छ । नेपालको राष्ट्रिय युवा नीति, २०७२ ले पनि युवालाई राष्ट्रको अमूल्य सम्पत्ति मान्दै उनीहरू राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतकि रूपान्तरणका अग्रदूत र संवाहक शक्ति मानेको छ । यद्यपि, नेपालको सन्दर्भमा लिखतका रूपमा युवा नीतिले युवालाई सामाजिक र सांस्कृतिक रूपान्तरणको संवाहक शक्ति मान्नु र यथार्थमा राज्यसत्ताले युवाहरूसँग गरिने व्यवहारको बीचमा भने आकाश-जमिनको अन्तर परिरहेको स्थिति देखिन्छ । जापान, अमेरिका र बेलायतजस्ता संसारका थुप्रै विकसित देशले युवा उभार र जनसांख्यिक लाभको सही समयमा नै पहिचान गर्दै राष्ट्र निर्माणको मूलप्रवाहमा समेटेर देशको समग्र अवस्था उकास्न सफल भएका दृष्टान्त छन् । नेपालमा पनि जनसंख्याविद् तथा अन्य समाज वैज्ञानिकहरूले वर्तमान अवस्थामा जनसांख्यिक लाभका रूपमा रहेको नेपाली युवाहरूको अधिकतम उपस्थितिलाई गुणात्मक प्रतिफल आउने गरेर देश विकासको खाका बनाउनुपर्नेमा जोड दिँदै आएका छन् । थुप्रै सन्दर्भमा पटक-पटक सचेत गराइरहँदा पनि नेपालले अन्य देशको अनुभव मनन गरेर युवा उभारलाई देश विकासको मूल प्रवाहसँग जोड्न किन सकिरहेको छैन भन्ने सवालमा यो आलेख केन्द्रित रहेको छ । **जनसांख्यिक लाभको बेवास्ता** नेपाली सन्दर्भमा वि.सं. २०७८ देखि २१०८ सम्मको अवधिसम्म नेपालको कुल जनसंख्यामा युवाहरूको सर्वाधिक बाक्लो उपस्थिति रहने आँकडा जनसंख्या तथा समाज वैज्ञानिकहरूले प्रक्षेपण गरी नै रहेको अवस्था थियो । विश्व परिवेशमा पनि एसियन राष्ट्र जापानले सन् १९५० देखि सन् १९८० सम्ममा पाएको जनसांख्यिक लाभलाई राष्ट्र निर्माणको हेतु लगाउन सफल भएको थियो । यस अलावा अमेरिकाले सन् १९४० देखि सन् १९७० को जनसांख्यिक लाभबाट फाइदा लिएको थियो भने बेलायतले समेत उनाइसौं शताब्दीको मध्यदेखि बीसौं शताब्दीको दोस्रो दशकसम्म रहेको जनसांख्यिक लाभबाट प्रचुर फाइदा उठाएको थियो । यद्यपि, वैज्ञानिक अनुसन्धानबाट निकालिएको प्रमाणलाई नजरअन्दाज गर्ने संसारमा थुप्रै पछौटे मुलुक जस्तै नेपाली राज्यसत्ताले पनि देशभित्र हुर्कंदै गएको युवा आक्रोशलाई साधारण मान्दै आइरहेको थियो । विगत दुई-तीन दशकयतादेखि श्रम गन्तव्यका रूपमा दक्षिण कोरिया र खाडी मुलुक एवं शैक्षिक गन्तव्यका युरोप, अमेरिका र अस्ट्रेलियाजस्ता देशमा युवाको लर्को लाग्ने चलन गुणात्मक रूपमा वृद्धि हुँदै गएको यथार्थ सर्वविदित नै छ । एकातर्फ युवाजति खाडीमा छन्, गाउँमा बूढाबूढी मात्र छन्, मलामी जाने युवा छैनन् भन्दै देशको चिन्ता गरेजस्तो गरेर नेतागणहरू गोहीको आँसु बगाइरहन पनि भ्याई नै रहेका थिए । अर्कोतर्फ नेपालको जनसंख्यामा युवाहरूको बढ्दो उभारलाई कोरियाको ईपीएस, खाडी देशसँगको श्रम सम्झौता, रसियन सेनामा भर्ना र अन्य विकसित देशहरूले शिक्षाका नाममा दिएको प्रवेश मौकाले नै समाधान गरिदिन्छ भन्ने सतही सोचमा नै नेतृत्व पंक्ति मखख परिरहेको थियो । झन्डै पाँच लाख युवा वर्षेपिच्छे श्रमबजारमा प्रवेश गर्ने र त्यसमध्ये एक लाखले मात्र रोजगार पाउने आँकडाहरू सार्वजनिक भइरहँदा पनि वार्षिक रूपमा बाँकी चार लाख युवाको आकांक्षा कसरी सम्बोधन हुन्छ भन्ने सवालमा राज्य र सरकार दुवै बेखबर जस्तै नै थिए । कुनै पनि देशमा जनसांख्यिक लाभको समयमा कुल जनसंख्यामा युवाहरूको उपस्थिति गणितीय रूपमा नै अधिक भइरहँदा युवाहरूको अपेक्षा सम्बोधन हुन सकेन भने आक्रोशहरू एकीकृत भएर विस्फोट हुन सक्ने अनुमान युवा उभार सिद्धान्तका प्रवर्तकहरूले गर्दै आएका थिए । यही सिलसिलामा देशभित्र उम्लिरहेको युवाहरूको अपेक्षा र आक्रोशको निरन्तर रूपमा बेवास्ता भएपछि उनीहरूले पठाएको रेमिट्यान्सको भरमा कुलीनतन्त्र आजीवन चलाइरहन सकिन्छ भन्ने सोचलाई प्रतिरोध हुँदा पनि नेपालले जेन-जी आन्दोलनका रूपमा युवा आकांक्षाको विस्फोटक अवस्था सामना गर्नुपरेको छ ।

**सामाजिक सञ्जाल र उत्पादन संस्कृति** नेपालको सन्दर्भमा राजनीतिक वृत्तमा नेतृत्व हाँकिरहेका आदिम मनुवा र नयाँ प्रविधिमा हुर्किरहेका नयाँ पुस्ताको बीचमा ठूलो खाडल पर्दै गइरहेको यथार्थ सर्वविदित नै थियो । अग्रगामी र प्रगतिशीलताका हिमायतीहरूले मात्र विज्ञान, प्रविधि र मानवीय भावनाहरूबीचको अन्तरसम्बन्धलाई न्यायोचित तरिकाले मनन गर्न सक्छन् । वर्तमान अवस्थामा थुप्रै युवा स्टार्टअप व्यापार गरेर सामाजिक सञ्जालमार्फत ग्राहकसँग जोडिँदै उपभोग्य सामग्रीहरूको बेचबिखन गरेर समेत मनग्यै कमाइरहेका छन् । समाजमा व्यापार तथा वित्त कारोबारको क्षेत्रमा देखा परिरहेको नवीन सामाजिक यथार्थहरूका बारेमा टाइपराइटर पुस्ताको राजनीतिक नेतृत्वले मनन गर्न नसकेको यथार्थ घामजत्तिकै छर्लङ्ग छ । जेन-जी आन्दोलनका थुप्रै अगुवामध्ये एक जनाले दसैंको मुखमा सरकारले सामाजिक सञ्जाल बन्द गरेर आफ्नो दुई-चार पैसा भए पनि आम्दानी हुने बाटो नै बन्द गरिदिएको गुनासो बंकरभित्रको कालोधनको आडमा सुशासन र समृद्धिको भाष्य ओकलिरहेकाहरूका लागि खासै मर्मस्पर्शी कथा थिएन । नेपालमा नै बसेर पनि थुप्रै कन्टेन्ट क्रिएटरहरूले विदेशी मुद्रा भित्र्याउने आर्थिक आयामहरूका बारेमा बंकरमा थुप्रिएको कालोधनको आडमा ठेक्कातन्त्र चलाइरहेको टाइपराइटर पुस्ताले हाकाहाकी नजरअन्दाज पनि गरेकै हो । विदेशी कम्पनीहरू नेपालका लागि कर तिरिरहँदा पनि सूचीकृत हुनुपर्ने जस्तो शास्त्रीय राष्ट्रवादी अडानले युवाहरूको गरिखाने जुक्तिमाथि ठेस लाग्छ भन्ने सोच्न नसकेको पनि पक्कै हो । सामाजिक सञ्जालको निहुँमा भ्रष्टाचार र देशले भोगिरहेको यावत् बेथितिविरुद्धको आवाज बुलन्द पार्दै

बाँकी तेश्रो पृष्ठमा⇨

# आन्दोलनपछिको अर्थतन्त्र

**डा. दिलनाथ दंगाल**

जेन–जी पुस्ताले भ्रष्टाचार नियन्त्रण र सुशासनका कुरा उठाएर सुरु गरेको पवित्र अभियानमा आतंककारीको प्रवेशले इतिहासमा आजसम्म नभोगेको नियति देशले भोग्नु पर्‍यो । जसकारण देशमा तोडफोड र आगजनी भयो । देशको अर्थतन्त्र पनि तहसनहस बन्यो । राष्ट्रपति भवनको अगाडि पुग्दा ठीकठाकसँगले बाहिरबाट पहरा दिइरहेको तर भित्री भवन जलेको अवस्था छ । प्रधानमन्त्रीबाट हालै पदच्युत केपी ओली निवास पुग्दा त्यहाँ युवा क्लबले भवनको बार र ढोकालाई सुरक्षित हुनेगरी ठीकठाक अवस्थामा राखेको पाइयो । अवलोकनमा देउवा निवास बेवारिसे झैं देखिएको थियो । कसैले देखभाल गरेको अवस्था थिएन । लुटिएका विभिन्न स्टोर र देउवा निवासको हालको अवस्था उस्तै लाग्यो । सर्सर्ती यी सबै घटना हेर्दा लाग्छ, यो योजना लामो समयबाट बनेको हो । तोडफोड र आगजनी गर्नुपर्ने ठाउँहरूको नक्सा बनाएर काम फत्ते गरेको देखिन्छ । किनकि ती मुख्य ठाउँहरू छानीछानी हानिएका छन् भने ठूलाठूला र बलिया पर्खालहरू कलम र किताब बोक्ने हातले भत्काउने कुरै हुँदैन । सवारीसाधनमा यात्रा गर्दा झन्डै तीन, चार दिन लाग्ने यी ठाउँ कसरी पाँच, छ घण्टामा जलाउन सम्भव हुन्छ ? यस्तो घटना हुँदैछ भनेर सुईंको समेत नपाउने प्रहरी होला र नेपालमा ? आफ्नो कार्यालयको समेत सुरक्षा दिन नसक्ने नेपाल प्रहरी तथा आँखाकै अगाडि सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायतका सरकारी कार्यालयको सुरक्षा गर्न नसक्ने नेपाली सेना र सशस्त्र प्रहरी बलमा संरचनात्मक परिवर्तन जरुरी रहेको प्रस्ट बुझ्न सकिन्छ । त्यस दिनको अकल्पनीय घटनाले जनता अझै पनि डर र त्रासमा बसिरहेका छन् । लगानीकर्ताहरू त लगानी गर्ने सोचमा समेत देखिँदैनन् । तसर्थ नयाँ सरकारले गर्ने भनेका दुइटा छन्, देशमा शान्ति सुरक्षा कायम गर्नु र समयमै चुनाव गराउनु । ढिलो नगरी बजारमा छरिएका प्रमाणहरू संकलन गरी तोडफोड, आगजनी र लुटपाटमा संलग्नलाई कारबारी गर्नुमा सबैको भलाइ छ । अनिमात्र नेपाली जनताले ढुक्कको सास फेर्ने र लगानीकर्ताले लगानी गर्ने वातावरण बन्छ ।

जलेका र भत्किएका संरचनाहरू काम चलाउन र हेर्न लायक बनाउन कम्तीमा दुई, तीन वर्ष लाग्नेछ । पूर्णरूपले पुनर्निर्माण गरी पहिलाकै अवस्थामा पुग्न पाँच वर्षको पुँजीगत खर्च लाग्ने अनुमान गर्न सकिन्छ । सम्पूर्ण अर्थतन्त्र ठीक हुन त १० वर्ष लाग्ने र निजी क्षेत्रको पूर्ण मनोबलसहित जलेका कागजात र विचलित भएका मनहरू ठीक हुन वर्षौं लाग्नेछ । यो घटनाले नेपालको अर्थतन्त्रमा निम्न असर पार्ने देखिन्छ :- १. गत आव २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन ६१ खर्ब ७ अर्ब रुपैयाँ पुगेको थियो भने आर्थिक वृद्धिदर ४.६१ प्रतिशत भएको अनुमान छ । तर यो आन्दोलमा भएको क्षतिका कारणले दुवै क्षेत्र कमजोर हुनेछ । जीडीपीमा पनि लगभग ४ देखि ५ प्रतिशतको कमी आउन सक्छ । २. तोडफोडका कारणले खर्बौं रुपैयाँको धनजनको क्षति भएको छ भने चलनचल्तीकामध्ये २० प्रतिशत नोट जलेर नष्ट भएको अनुमान गर्न सकिन्छ । ३. आन्दोलनकारीले सिंहदरबार, संसद् भवन, राष्ट्रपति कार्यालय, सर्वोच्च अदालत, निर्वाचन आयोग, मन्त्री निवास, सरकारी कार्यालयहरू, निजी निवासलगायत व्यापारिक घरानामा समेत तोडफोड र आगो लगाएर पूर्ण क्षति भएको छ । देशभरि २५ सय जति संरचना जलेर नष्ट भएका छन् । यसरी क्षति भएका सरकारीदेखि निजी भवन, सवारीसाधन, सरकारी कार्यालयभित्रका संरचना बनाउन ठूलो लगानी चाहिन्छ । पुँजीगत बजेटबाट काटिने अवस्था छ । ४. चालु आव २०८२/८३ को बजेटमा पुँजीगत खर्च ४ खर्ब ७ अर्ब ८९ करोड रुपैयाँ (२०.८ प्रतिशत) विनियोजन गरिएको छ । यो रकम सबै निर्माणमा खर्च हुँदा विकास शून्य हुन जान्छ । यो क्रम पाँच वर्षसम्म निरन्तर चल्ने जस्तो देखिन्छ । ५. भूकम्पलगायत प्राकृतिक विपत्तिमा विदेशी मित्रराष्ट्र तथा दातृ निकायले सहयोग गरेका थिए तर आन्दोलनमा तोडफोड तथा आगजनीबाट भएको क्षतिमा दातृ निकायले सहयोग गर्ने सम्भावना कम हुन्छ । यसले सार्वजनिक ऋण बढेर जान्छ । ६. निजी सम्पत्तिको तोडफोडले बिमा कम्पनीमा ५० देखि ६० अर्ब बराबर दाबी आउने अनुमान गर्न सकिन्छ । सरकारी निकायका अनुसार आन्दोलनका क्रममा ४ सय ४१ वटा चारपांग्रे र ६ सय १ वटा दुईपांग्रे गरी जम्मा १ हजार ४२ ओटा सरकारी सवारीसाधन पूर्णरूपमा जलेका छन् । यिनीहरूको मर्मत वा नयाँ खरिद गर्न ठूलो धनराशि लाग्नेछ । ७. विदेशी तथा स्वदेशी लगानीमा आक्रमण भएकाले अब किन लगानी गर्ने भन्ने प्रश्न उठ्नेछ । हिल्टनदेखि भाटभटेनीमा आक्रमण भएको छ । यो प्रकारको उद्योग, व्यवसायमाथि आक्रमण डरलाग्दो अवस्था हो । यसको प्रत्यक्ष असर लगानीमा पर्छ र राजस्वमा संकलनमा कमी आउँछ । ८. निजी क्षेत्रमा तोडफोड र आगजनी हुँदा निजी क्षेत्रले हजारौंलाई रोजगारी दिइरहेको अवस्थामा रोजगारीमा कटौती भई बेरोजगारी बढ्न सक्छ । ९. पर्यटक आगमन

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण सुडानमा स्वास्थ्य अभियान सुरु, लाखौँलाई लाभ हुने अपेक्षा




**काठमाडौँ,०८ असोज ।** दक्षिण सुडान सरकारले विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्र बाल कोषको सहकार्यमा चार दिन लामो स्वास्थ्य अभियान सुरु गरेको छ । यस अभियानले करिब दुई करोड एक लाख बालबालिका र एक करोड बीस हजार वयस्कलाई पोलियो र स्किष्टोसोमियासिस भन्ने रोगबाट जोगाउने लक्ष्य राखेको छ । स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूले देशका ४० जिल्लामा घरघर पुगेर पाँच वर्ष मुनिका बालबालिकालाई खोप दिनेछन् । यसैगरी, विद्यालय जाने उमेरका बालबालिका र जोखिममा रहेका समुदायलाई स्किष्टोसोमियासिस रोगको रोकथामका लागि प्राजिक्वान्टेल नामको औषधि वितरण गरिनेछ । स्वास्थ्य मन्त्री सराह क्लीटो रियलले भने, 'हामी सबै अभिभावक र समुदायलाई आफ्ना बालबालिकालाई खोप लगाउन र अभियान सफल बनाउन पूर्णरूपमा सहभागी हुन आग्रह गर्छौं । यस अभियानले स्रोतको सदुपयोग गर्दै दुईवटा प्रमुख रोगलाई एकै पटक नियन्त्रण गर्ने अवसर प्रदान गरेको छ ।' पोलियो भाइरसजन्य रोग हो जसले बालबालिकालाई पक्षाघात जस्ता गम्भीर समस्या निम्त्याउन सक्छ । दक्षिण सुडानका दुर्गम क्षेत्रहरूमा खोप लगाउन कठिनाइका कारण पोलियोका सङ्क्रमण बढिरहेका छन् ।

स्किष्टोसोमियासिस भने पानीबाट सर्ने परजीवीजन्य रोग हो, जसले शरीरमा संक्रमण गरी स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँछ । स्वास्थ्य मन्त्रालयले यो अभियानले दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सेवा पुर्याउन र समुदायमा रोगको चेतना फैलाउन मद्दत पुग्ने विश्वास व्यक्त गरेको छ । यसले लामो समयसम्म रोग नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

दक्षिण सुडानमा स्वास्थ्य सेवा प्रणाली अझै कमजोर रहेको अवस्थामा यस किसिमका अभियानहरूले जनस्वास्थ्यमा ठूलो सुधार ल्याउन सक्छन् । दुई रोगलाई एकसाथ लक्षित गरी गरिएको यस अभियानले समय र स्रोत दुवैको सदुपयोग गरेको स्वास्थ्य विज्ञहरूले बताएका छन् ।

## युक्रेनमा आक्रमण जारी राख्नुबाहेक कुनै विकल्प छैन : रुस



**काठमाडौँ,०८ असोज ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसलाई 'कागजी बाघ' भनेको दाबीलाई अस्वीकार गर्दै क्रेमलिनले बुधबार युक्रेनमा सैन्य आक्रमण जारी राख्नुबाहेक अरू विकल्प नभएको घोषणा गरेको छ । ट्रम्पले युक्रेनले आफ्नो सम्पूर्ण भूभाग फिर्ता लिन सक्ने भन्दै रुसलाई असफल अर्थतन्त्र भएको 'कागजी बाघ' का रूपमा चित्रण गरेको एक दिनमै मस्कोले प्रतिक्रिया दिएको हो । 'राष्ट्रपति भ्लादिमिर पुटिनले तोकेको लक्ष्य प्राप्त गर्न र हाम्रो राष्ट्रिय चासो सुरक्षित गर्न विशेष सैन्य अभियान जारी राख्नेछौँ", क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भने, 'यो हामी हाम्रो वर्तमान र भविष्यका लागि मात्र होइन, आउने पुस्ताका लागि गरिरहेका छौँ । त्यसैले, हामीसँग कुनै विकल्प छैन ।' पेस्कोभले ट्रम्पको टिप्पणी अस्वीकार गर्दै रुसले द्रुत वृद्धि र लगातार मुद्रास्फीति बीच सुस्त अर्थतन्त्रको चुनौती भोगिरहेको स्वीकार गरे । तर, उनले जोड दिए, 'रुसले आफ्नो समष्टि आर्थिक स्थिरता कायम राखेको छ, यद्यपि केही क्षेत्रमा तनाव र समस्याहरू छन् ।' उनले मस्को-वासिङ्टन सम्बन्ध सुधारका लागि गरिएको प्रयासलाई पनि नकारात्मक रूपमा मूल्यांकन गरे । जनवरीमा ट्रम्प ह्वाइट हाउस फर्केपछि सुरु भएको मेलमिलाप प्रयासको परिणाम 'शून्यको नजिक' भएको बताए । 'यो प्रक्रिया सुस्त छ, अत्यन्तै सुस्त', पेस्कोभले भने । मस्कोले युक्रेन द्वन्द्वभन्दा पर गएर अमेरिकासँग कूटनीतिक र आर्थिक सहयोग विस्तार गर्ने प्रयास गरिरहेको भए पनि परिणाम अझै न्यून देखिएको उनले स्वीकार गरे ।

## भारतको लद्दाखमा नेपालकै शैलीमा प्रदर्शन : भाजपाको कार्यालय र प्रहरीको गाडी जलाइयो

**काठमाडौँ,०८ असोज ।** लद्दाखलाई पूर्ण राज्यको दर्जा दिन मागसहित नेपालकै शैलीमा प्रदर्शन हुन थालेको छ । लद्दाखको लेहमा विद्यार्थीको प्रदर्शन उग्र भएको हो । केन्द्रशासित प्रदेश लद्दाखलाई पूर्ण राज्यको दर्जा दिनुपर्ने माग गर्दै बुधबार लेहमा हिंसात्मक प्रदर्शन भएको हो । विद्यार्थीहरू प्रहरी र सुरक्षा निकायसँग झडपमा उत्रिएका छन् । प्रदर्शनकारीहरूले भारतीय जनता पार्टीको कार्यालयमा आगजनी गरेका छन् । प्रहरीमाथि ढुंगामुढापछि सीआरपीएफको गाडीसमेत जलाइएको छ । यी विद्यार्थीहरू सामाजिक अभियन्ता सोनम वाङ्चुकको समर्थनमा आन्दोलनमा उत्रिएका हुन् । वाङ्चुक १५ दिनदेखि आमरण अनशनमा छन् । माग पूरा नगरेको विरोधमा प्रदर्शनकारीहरूले बन्दको आह्वान गरेका थिए । वाङ्चुकको समर्थनमा ऱ्यालीसमेत निकालियो । यस विषयमा अर्को बैठक ६ अक्टोबरमा दिल्लीमा हुने तय भएको छ । सन् २०१९ मा संविधानको धारा ३७० र ३५(ए) हटाउँदा जम्मु-कश्मीर र लद्दाखलाई छुट्टाछुट्टै केन्द्रशासित प्रदेश बनाइएको थियो । त्यतिबेला सरकारको तर्फबाट परिस्थिति सामान्य भएपछि पूर्ण राज्यको दर्जा दिने वाचा गरिएको थियो । **धारा ३७० खारेजीपछि विरोध** केन्द्र सरकारले २०१९ अगस्ट ५ मा जम्मु-कश्मीरको विशेषाधिकार दिने धारा ३७० खारेज गर्दै पूर्ण राज्यको दर्जा खोसिएको थियो । त्यसपछि जम्मु-कश्मीर छुट्टै केंद्रशासित प्रदेश बन्यो भने लेह र कारगिललाई मिलाएर लद्दाख अर्को केन्द्रशासित प्रदेश बनाइयो । यसपछि लेह र कारगिलका बासिन्दाले आफूलाई राजनीतिक रूपमा अधिकारविहीन गरिएको महसुस गरे । उनीहरूले केन्द्रको विरोधमा आवाज उठाए ।पछिल्ला दुई वर्षमा बारम्बार आन्दोलन गर्दै पूर्ण राज्यको दर्जा र संवैधानिक सुरक्षा माग गरेका छन ।

### युवा उभारको राप..........

युवाहरूले व्यवस्था परिवर्तनको समेत आवाज उठाउँछन् भन्ने आकलन लुटको स्वर्गमा मस्त निदाइरहेकाहरूलाई कुनै हेक्का नै थिएन । नेपाली राज्यसत्तालाई न प्रेम आचार्यको जलिरहेको शरीरले नै पोल्यो न केही हजार पैसाको अभावमा १० जोड २ अध्ययन गर्न नपाउँदा अर्को एक युवाले गरेको आत्महत्याले नै झस्कियो । यी त केही प्रतिनिधिमूलक घटना मात्र हुन्, महँगो स्वास्थ्य उपचार थेग्न नसकेर चिकित्सकीय ऋणकै कारण सापेक्ष गरिबीबाट निरपेक्ष गरिबीमा धकेलिँदै आत्महत्या गर्न विवश नागरिकका बारेमा कतै लेखाजोखासमेत छैन । सदियौंदेखिको बहिष्करणको पीडा र अपहेलना युवा जनसांख्यिक उभारको समयमा सामाजिक सञ्जाल निषेधविरुद्धको आवाज झिल्कोका रूपमा फैलिएर चौतर्फी विस्फोट हुन पुग्छ भन्ने समयचेत नेतृत्व पंक्तिमा भइदिएको भए आज राज्यको सार्वजनिक सम्पत्तिले यो हदसम्मको दुर्गति कहिल्यै भोग्नुपर्ने थिएन । सवारी बोक्ने रथ पुरानो हुँदै जाने तर रथ तान्ने घोडाहरू भने नयाँ पुस्ताका ऊर्जाशील भइरहने हो भने घोडाको शक्ति र रथको अवस्थाबीचमा सन्तुलन नभएर नयाँ घोडाले जर्जर रथलाई कुन मोडमा लगेर पछारिदिन्छ त्यसको ज्वलन्त उदाहरण नेपालले व्यहोरिसकेको छ । साभार ईकान्तिपुर ।

### आन्दोलनपछिको.........

र विदेश भ्रमणमा नकारात्मक असर पर्नेछ । अहिले नै केही देशले नेपालीलाई भिसा दिन बन्द गरिसके भने नेपाल भ्रमण पनि रद्द गर्न गर्न सक्छन् । १०. जेलबाट हजारौं कैदीबन्दीहरू भागेकाले असुरक्षा बढ्न सक्छ । ११. सबैभन्दा ठूलो र अपूरणीय क्षति भने चाहिँ दर्जनौं अबोध र कलिला बालबालिका गुमायौं, देशको भविष्य गुमायौं । जसको क्षतिपूर्ति केही गरे पनि हुनेवाला छैन । अबका दिनमा नेपालीले यो घटना कसरी भयो भन्ने कुरोको चुरो थाहा पाउनुपर्छ । साभार अन्नपूर्ण पोस्ट

### पकहाँमैनपुरमा तलब..

गाउँपालिका उपाध्यक्षसहित ५ वटै वडाध्यक्षले लिखित रूपमा परिषद् बोलाउन माग गरेका छन् । तर, गाउँपालिका अध्यक्ष मेहताले अहिलेसम्म स्पष्ट मिति नतोकेका कारण गाउँपालिकाका सम्पूर्ण काम अवरुद्ध बनेको छ ।

### बीरगञ्ज नाकाबाट......

महिनामै उल्लेख्य वृद्धिले आन्तरिक बजारमा माग बढेको संकेत दिएको छ । भन्सार कार्यालयले यो प्रवृत्ति आगामी महिनामा पनि निरन्तर रहने अनुमान गरेको छ ।

### लोसपा अध्यक्ष ठाकुर..

महाधिवेशनमार्फत जिम्मेवारी हस्तान्तरण गर्न आफू तयार छन् ।

लोसपाले यसअघि चैतमा महाधिवेशन गर्ने निर्णय गरेको थियो । तर, फागुनमा प्रतिनिधिसभा चुनाव हुने भएकाले आवश्यक कागजात तयारीसहित महाधिवेशन चाँडै गर्ने गृहकार्य सुरु भएको नेताहरूले जनाएका छन् ।

# स्वास्थ्य

## गर्भाधानका लागि सबैभन्दा उपयुक्त उमेर कुन हो ?




'बच्चा खेर गयो', 'बच्चा बसेन', 'संग्लो भएन' – यस्ता वाक्य सुन्नु आजभोलि सामान्यजस्तै भइसकेको छ । गर्भ रहनु र त्यो सफलतापूर्वक पूर्ण अवधिसम्म पुग्नु भनेको सजिलो प्रक्रिया भने होइन । गर्भ नबस्नुलाई मात्र समस्या मान्ने चलन भए पनि, गर्भ बसेपछि पनि त्यसलाई यथावत राख्न सक्ने शरीरको क्षमता र उमेरले ठुलो महत्व राख्छ । सन्तान जन्माउन ढिलो हुँदा वा अत्यन्त कम हुँदा गर्भ बस्न र बसेमा पनि खेर जाने जस्ता जोखिम हुनसक्छ । त्यसैले, सन्तान उपयुक्त उमेरमै जन्माउनुपर्छ । यसो भनिरहँदा तपाई सोच्नुहोला, बच्चा जन्माउने सहि उमेर कुन हो ? विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) भन्छ, 'महिलाको लागि सन्तान जमाउने उपयुक्त उमेर २० देखि ३५ वर्षसम्मको अवधिलाई मानिएको छ ।' यो समयावधिमा महिलाको शरीरमा हुने हर्मोनल गतिविधि, अण्डाशयको क्षमता, अण्डाको गुणस्तर आदिले गर्भ रहन र त्यसलाई स्वस्थ रूपमा कायम राख्न सबैभन्दा अनुकूल अवस्था सिर्जना गर्छ । पुरुषको हकमा पनि उमेरसँगै शुक्राणुको गुणस्तरमा परिवर्तन आउने हुँदा उनीहरूका लागि २० देखि ४० वर्षको उमेरलाई प्रजननका लागि उत्तम मानिन्छ । **उपयुक्त समयमै सन्तान योजना किन आवश्यक ?** सन्तान जन्माउने प्रक्रिया केवल गर्भ बसाउने मात्र नभई त्यसलाई सुरक्षित रूपमा पूर्ण अवधिसम्म धान्न सक्नु र स्वस्थ शिशु जन्माउने क्षमता पनि हो । शरीरको जैविक घडी सधैं हाम्रो अनुकूल हुँदैन । **महिलाको उमेर र प्रजनन क्षमताको सम्बन्ध** महिलाको प्रजनन प्रणाली हर्मोन प्रोजेस्टोरोन र एस्ट्रोजेनबाट नियन्त्रित हुन्छ । १३ देखि १९ वर्षको उमेर समूहलाई किशोरावस्था भनिन्छ । यो समयमा अझै शारीरिक तथा हर्मोनल प्रणाली पूर्णरूपमा परिपक्व भएको हुँदैन । यो अवधिमा गर्भ रहनुले गर्भवतीलाई मात्र नभई गर्भमा रहेको शिशुलाई पनि विभिन्न जोखिम पुऱ्याउँछ । यो अवस्थामा पाठेघर अझै स्थिर नभएकाले महिनावारी चक्र अनियमित हुन सक्छ, जसले गर्भाधानमा समस्या ल्याउने सम्भावना रहन्छ । शरीर पनि परिपक्व भइसकेको छैन । साथै, गर्भ रहेको खण्डमा पनि बच्चा अस्वस्थ हुने, समयअघि नै जन्मिने वा जन्मेपछि विभिन्न स्वास्थ्य समस्या देखापर्ने सम्भावना उच्च रहन्छ ।

त्योसँगै महत्वपूर्ण अर्को पक्ष हो, गुणस्तरयुक्त अण्डा । गर्भ रहन र जटिलता आउन नदिन स्वस्थ अण्डा निषेचन हुन जरुरी छ । प्रकृतिले छोरी बच्चा जन्मिदै निश्चित अण्डा दिएको हुन्छ । ती अण्डाको गुणस्तर र संख्या उमेरसँगै घट्दै जान्छ । यो प्राकृतिक प्रक्रिया हो । किशोरावस्थामा पहिलो महिनावारी भएपिच्छे उमेर बढ्दै जाँदा महिनावारी चक्रपिच्छे स्वस्थ अण्डा खर्चिंदै जान्छ । उमेर बढ्दै गएपछि राम्रो अण्डा खेर गइसक्छ । र खराब अण्डा मात्र रहन्छ । **२० देखि ३५ वर्षको उमेर उपयुक्त** गर्भधारणलाई सहज, सुरक्षित र सफल बनाउन उमेर एक निर्णायक पक्ष हो । महिलाको हकमा २० देखि ३५ वर्षको उमेर र पुरुषको हकमा २० देखि ४० वर्षको उमेरलाई प्रजननको लागि आदर्श मानिन्छ । यस अवधिमा हर्मोन, महिलाको अण्डा र पुरुषको शुक्राणुको गुणस्तर, शारीरिक क्षमता, र मानसिक स्थिरता सबै प्रजननका लागि अनुकूल हुन्छन् । यदि सम्भव छ भने, जीवनको यही चरणमा सन्तानको योजना बनाउने प्रयास गर्नु उपयुक्त हुन्छ । यो उमेरलाई उपयुक्त मानिने प्रमुख कारण भनेको सो अवधिमा महिलाको अण्डाशयबाट निस्कने अण्डाको गुणस्तर उत्कृष्ट हुनु हो । बच्चा स्वस्थ हुन स्वस्थ र गुणस्तरीय अण्डा चाहिन्छ । जुन महिनामा एकपटक निष्कासन हुन्छ । त्यो अण्डामा डिम्ब निषेचन भएमा स्वस्थ बच्चा जन्मिन्छ । अनि त्यो स्वस्थ र गुणस्तरीय अण्डा हुने समय भनेको २० देखि ३५ वर्षको उमेर हो । त्यसैले, यही उमेरमा सन्तान जन्माउन सुझाव दिइन्छ ।

ढिला गर्दा गर्भ नबस्ने मात्र समस्या होइन, बस्यो भने पनि त्यसलाई पूर्ण अवधिसम्म सुरक्षित राख्ने र स्वस्थ बच्चा जन्माउने चुनौती थपिन सक्छ । त्यसैले, जैविक घडीको महत्त्व बुझ्दै समयमै योजना बनाउनु सबैभन्दा बुद्धिमानीपूर्ण निर्णय बन्न सक्छ । **३५ वर्ष पार गरे पछि के हुन्छ ?** ३५ वर्ष पार गरेपछि अण्डाको परिपक्वता घट्दै जान्छ, र अण्डा निषेचन भए पनि क्रोमोजोम सम्बन्धी त्रुटिहरू देखिन सक्छन् । त्यस पछि त प्राकृतिक रुपमा बच्चा बस्न मात्र होइन, मुस्किलले बसेकोमा पनि स्वस्थ नहुने जोखिम हुन्छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्दको पाल्ना गरौं, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# बिना बिलबिजक गरगहना र सामग्री किनबेच नगर्न मधेस प्रहरीको चेतावनी

***रौतहट,०८ असोज ।***

मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरले एक सूचना जारी गर्दै बिना बिलबिजक सुनचाँदीका गहना वा अन्य कुनै पनि सामग्री किनबेच नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ। प्रहरीले भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा तोडफोड, आगजनी र लुटपाटमा संलग्न व्यक्तिहरूले चोरीका सामानहरू बजारमा बिक्री गर्न सक्ने सम्भावना रहेको भन्दै यो सूचना जारी गरेको हो। मधेस प्रदेश प्रहरी प्रमुख डीआईजी उमा प्रसाद चतुर्वेदीका अनुसार, आन्दोलनको क्रममा विभिन्न प्रतिष्ठान, सरकारी तथा निजी भवन, बैंक, र वित्तीय संस्थाबाट महत्त्वपूर्ण कागजात, ऐतिहासिक दस्तावेज, बहुमूल्य गरगहना, नगद र अन्य जिन्सी सामानहरू लुटिएको



जानकारी प्रहरीलाई प्राप्त भएको छ।प्रहरीले यस्ता चोरीका सामानहरू लुकाइछिपाइ किनबेच हुन सक्ने भन्दै बिल नभएका र आधिकारिक बिक्रेताबाहेकबाट कुनै पनि सामान नकिन्न चेतावनी दिएको छ । यसरी किनबेच गर्नु कानुनी रूपमा दण्डनीय अपराध हुने प्रहरीले स्पष्ट पारेको छ । साथै, प्रहरीले यस्ता घटना वा संलग्न व्यक्तिबारे कुनै जानकारी भएमा नजिकको प्रहरी कार्यालय वा प्रहरीको टोल फ्री नम्बर १०० मा तत्काल खबर गर्न आग्रह गरेको छ। आम नागरिकको सहयोग र सतर्कताले मात्र शान्ति-सुरक्षा कायम राख्न सहज हुने भएकाले सबैलाई सहयोग गर्न अनुरोध गरिएको प्रहरीको भनाइ छ।

# रौतहट प्रहरीद्धारा लागुऔषधसहित १ जना पक्राउ

***रौतहट,०८ असोज ।***

रौतहटको बंकुल बजारमा सीमावर्ती भारतीय बजार घोडासहनबाट लागुऔषध ल्याउँदै गरेको अवस्थामा एक तस्करलाई मोटरसाइकलसहित भारतीय सीमा सुरक्षा बल एसएसबीले पक्राउ गरेको छ । भारत-नेपाल सीमा नजिक घोडासहन अन्तर्गत पर्ने लक्ष्मीनिया टोलामा एसएसबी ७१वीं बटालियन न्यू कोरैयाले गरेको कारबाहीमा नशालु औषधिसहित एक तस्कर पक्राउ परेका हुन् ।
पक्राउ पर्नेमा भारत बिहार मोतीहारी जिल्ला घोडासहन थानाक्षेत्र अन्तर्गत कोरैया गाउँ, झरोखर पञ्चायतका



राजु प्रसाद कुशवाहा रहेका छन् । उनलाई नशालु प्रतिबन्धित औषधसहित एसएसबीले नियन्त्रणमा लिएको हो । एसएसबीका अनुसार कुशवाहा घोडासहनतर्फबाट नशालु औषधि ल्याई बंकुलस्थित राजवीर नाम गरेका व्यक्तिलाई पुऱ्याउने क्रममा पक्राउ परेका हुन्। उनलाई नियन्त्रणमा लिएर थप कारबाहीका लागि झरोखर थानामा बुझाइएको छ । उनको मोटरसाइकलको डिकीबाट नशालु क्याप्सुल ट्रामाडोल ४० क्याप्सुल बरामद गरिएको एसएसबीले जनाएको छ ।

# मुख्यमन्त्री सिंह नेतृत्वको सरकार अल्पमतमा अब कुन कुन दल मिलेर बनाउन सक्छन् सरकार ?

***जनकपुर,०८ असोज ।***

नेपाली कांग्रेसले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री सतिश कुमार सिंह नेतृत्वको सरकार अल्पमतमा परेको छ । मुख्यमन्त्री सिंहले राजीनामा नदिएर विश्वासको मत लिने अडान लिएका छन् भने कांग्रेसले सरकारको नेतृत्व दाबी गर्ने तयारी गरेको छ। यता, नेकपा एमाले प्रदेशको ठूलो दल भएकोले उसले पनि आफ्नो नेतृत्वमा सरकार बनाउन पहल गर्न सक्छ । यस राजनीतिक उथलपुथलले अब मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि विभिन्न समीकरणको सम्भावना देखिएको छ । **१) एमाले-कांग्रेस-जसपा गठबन्धनको सम्भावना**

मधेश प्रदेशमा सबैभन्दा ठूलो दल रहेको नेकपा एमालेले सरकारको नेतृत्व दाबी गर्ने र नेपाली कांग्रेस र जनता समाजवादी पार्टी (जसपा)लाई मिलाएर सरकार बनाउने सम्भावना छ । यस समीकरणमा एमाले २३ सिट(एक जना सभामुख र एक जना निलम्बन), कांग्रेस २२ सिट र जसपा १९ सिट मिलेमा उनीहरूको कुल सिट संख्या ६४ पुग्छ । यो सरकार गठनका लागि आवश्यक ५४ सिटभन्दा धेरै हो । यद्यपि, केन्द्रको नेतृत्वसँगको छलफल पछि नै यो सरकार बन्न सक्ने सम्भावना रहन्छ । **२) कांग्रेस-जसपा-माओवादी केन्द्रसहितको गठबन्धन**

अर्को सम्भावना नेपाली कांग्रेसले जसपा नेपाल, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीलाई मिलाएर सरकार बनाउन सक्छ । कांग्रेस २२ सिट, जसपा १९ सिट, माओवादी केन्द्र ९ सिट र एकीकृत समाजवादी ७ सिट मिलेमा ५७





सिट पुग्छ । यसमा थप केही साना दलहरूलाई समेट्न सक्छन्, जसले सरकार गठनको बाटो सहज बनाउन सक्छ ।**३) कांग्रेसबाहेक एमालेको नेतृत्वमा सरकार** मुख्यमन्त्री सिंहले विश्वासको मत लिन नसकेको अवस्थामा एमालेले पनि सरकारको नेतृत्व दाबी गर्न सक्छ । एमाले २३ सिटले जसपा नेपाल १९ सिट, लोसपा ८ सिट (एक जना निलम्बन) र जनमत पार्टी १३ सिटलाई मिलाएर सरकार बनाउने सम्भावना पनि छ। यी चार दल मिलेमा ६३ सिट पुग्छ, जसले बहुमत पुऱ्याउन सहज हुन्छ।
**४) पुरानै गठबन्धनमा पुनः एकता**

अहिलेको राजनीतिक संकटले गर्दा पुरानै गठबन्धनका दलहरू फेरि एक ठाउँमा आउने सम्भावनालाई पनि नकार्न सकिँदैन । मुख्यमन्त्री सिंहले राजीनामा दिए जनमतले संसदीय दलका नेता महेश यादवले कांग्रेससँग फेरि सहकार्य गरेर सरकारमा जाने बाटो खुल्न सक्छ । तर, वर्तमान परिस्थितिमा यो सम्भावना कम देखिएको छ । मधेश प्रदेशमा अब कसले सरकार बनाउला भन्ने कुरा आउँदो केही दिनको राजनीतिक समीकरणले स्पष्ट पार्नेछ । अहिले मुख्यमन्त्री सिंह विश्वासको मत लिने अडानमा रहेकाले प्रदेशको राजनीति थप पेचिलो बनेको छ । कूल १०७ सदस्यीय मधेश प्रदेश सभामा अहिले कांग्रेसको २२, एमालेको २५ (सभामुख र एक जना निलम्बनसहित), जनमत पार्टीको १३, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)को ९(एक जना निलम्बनसहित, जनता समाजवादी पार्टी, नेपालको १९, नेकपा माओवादी केन्द्रको ९, नेकपा एकीकृत समाजवादी को ७, नागरिक उन्मुक्ति पार्टीको १, राष्ट्रिय प्रजातन्त्र पार्टीको १ र नेपाल संघीय समाजवादी पार्टीको १ सिट रहेको छ ।

नेपाल पोष्ट डेली
ई -पेपरका
लागि स्क्यान गर्नुहोस्

जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू



- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगर–बँगुर, घोडा जस्ता घरपालुवा चरा–चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौँ।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔँ।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौँ।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौँ।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौँ।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ। यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. ११९५ मा फोन गर्नुहोस्।

जिराभवानी गाँउपालिकाको कार्यालय
जिराभवानी, पर्सा

जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू



- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगर–बँगुर, घोडा जस्ता घरपालुवा चरा–चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौँ।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔँ।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौँ।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौँ।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौँ।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ। यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. ११९५ मा फोन गर्नुहोस्।

करैयामाई गाँउपालिकाको कार्यालय
करैयामाई , बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा